# संघीय संसद
# प्रतिनिधि सभा

**चौथो अधिवेशन**

**बैठक संख्या - ४२**

## दैनिक कार्यसूची

२०७६ साउन २० गते

**सोमबार**

दिनको १:०० बजे

### विशेष समिति गठन

१. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम अध्ययन तथा सुझाव संसदीय विशेष समिति गठनको लागि समितिमा रहनुहुने मा० सदस्यहरुको नामावली सहितको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

### राष्ट्रपतिको कार्यालयको पत्र

२. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्रहरुको व्यहोरा पढेर सुनाउनु हुने ।

### प्रतिवेदन पेश

३. उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका मा० सभापति श्री विमलप्रसाद श्रीवास्तवले :-

(क) "सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुहुने ।

(ख) "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुहुने ।

४. कानून, न्याय तथा मानव अधिकार समितिका मा० सभापति श्री कृष्णभक्त पोखेलले "प्रशासकिय अदालत विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुहुने ।

५. कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका मा० सभापति श्री पूर्ण कुमारी सुवेदीले "वातावरण संरक्षण विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुहुने ।

६. राज्य व्यवस्था तथा सुशासन समितिका मा० सभापति श्री शशि श्रेष्ठले "प्रहरी समायोजन विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुहुने ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव